# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२० गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

नारायणी अन्चल, रौतहट जिल्ला, जटहरा गा.वि.स., वडा नं. ८ स्थायी बसोवास भएका स्वास्थ्य मन्त्रालय अन्तर्गत मेडिकल सुपरिटेन्डेन्ट पदमा कार्यरत रही हाल अवकस प्राप्त डा. रामशंकर ठाकुरले पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भनि परेको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज डा. रामशंकर ठाकुरले २०४३/०३/०४ गतेवाट केन्द्रिय कारागार अस्पतालको मेडिकल अधिकृत पदबाट सेवा प्रबेश गरी २०७२/०६/०७ सम्म सार्वजनिक सेवाको पदमा राष्ट्रसेवक कर्मचारी रहँदाको अवस्थामा पेश गरेको सम्पत्तिको विवरण, तथा अनुसन्धानको क्रममा गरेको बयान समेतका विवेचित आधार प्रमाणहरुबाट निजको आयको तुलनामा बिद्यमान सम्पत्ति अमिल्दो र अस्वभाविक भएको देखिंदा निजले माथि विश्लेषण एवं विवेचना गराए बमोजिमको रु १,१८,२७,०१३ (एक करोड अठार लाख सत्ताईस हजार तेह्र) को सम्पत्ति गैर कानूनि रुपमा आर्जन गरेको र मनासिव कारण बिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको, आफ्नो हैसियत भन्दा बढी खर्च गरेको तथा श्रोत नखुलेको सम्पत्तिबाट बढी बढाउ समेत गरेको देखिन खुल्न आई निज रामशंकर ठाकुरले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन , २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज डा. रामशंकर ठाकुरलाई विगो रु. १,१८,२७,०१३ ( एक करोड अठार लाख सत्ताईस हजार तेह्र ) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग. तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरीवाना र कैद सजाय हुन साथै निज डा. रामशंकर ठाकुर, निजकी श्रीमती विन्दुदेवी ठाकुर तथा निजको छोरा जितेश ठाकुरका नाममा रहेको श्रोत नखुलेको चल अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी